# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## मधेश प्रदेश, नेपाल

**सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरुलाई निर्देशन सम्वन्धमा।**

प्रकाशित मिति :- २०८१।०१।१४

लालबन्दी नगरपालिका भित्र सन्चालनमा रहेका सबै तहका सामुदायिक, संस्थागत, धार्मिक तथा परम्परागत विद्यालयहरुले तपसिलमा उल्लेखित निर्देशनहरु पालन गर्नु गराउनु हुन अनुरोध छ ।

### १. विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने

**"सबै बालबालिकाहरुको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"** भन्ने संकल्पका साथ शैक्षिक सत्र २०८१ को भर्ना अभियान सुभारम्भ भएको छ। यस पावन अवसरमा विद्यालयहरुले आ-आफ्नो सेवा क्षेत्र भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई आ-आफ्नो विद्यालयमा भर्ना गरी विद्यालय वाहिर विद्यालय उमेर समुहका बालबालिका नरहेको सुनिश्चित गर्न अनुरोध गरिन्छ। विद्यालयले कक्षा चढाउन योग्य रहेका आफ्ना विद्यालयका सबै विद्यार्थीहरुको कक्षा चढाएर अभिलेख व्यवस्थापन गरिसक्नु भएकै होला। अन्य विद्यालयबाट भर्ना हुन आउने विद्यार्थीहरुको इमिस कोड सहितको स्थानान्तरण प्रमाणपत्र, ग्रेडसिट वा प्रमाणित गरिएको ग्रेडलेजर प्राप्त भएपछि भर्ना गर्ने र आफ्नो विद्यालयबाट अन्यत्र भर्ना हुन चाहने विद्यार्थीहरुको लागि विद्यार्थीहरुको इमिस कोड सहितको स्थानान्तरण प्रमाणपत्र, ग्रेड सिट र ग्रेड लेजर प्रमाणित गरी भर्ना हुन पठाउने।

विद्यार्थी भर्ना अभियान कार्यक्रम सम्पन्न भए पश्चात भर्ना अभिलेख विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी पठाउने ।

**"विद्यार्थीहरुको इमिस कोड सहितको स्थानान्तरण प्रमाणपत्र, ग्रेडसिट वा ग्रेडलेजर प्रमाणित गरी विद्यार्थीले माग गरेको खण्डमा अनिबार्य उपलब्ध गराउनु विद्यालयको दायित्व हुनेछ"**

### २. अनुमति प्राप्त विद्यालय र कक्षामा मात्र विद्यार्थी भर्ना गर्नुपर्ने

विद्यालयहरुले तत्काल जिल्ला शिक्षा कार्यालय सर्लाही, शिक्षा विकास तथा समन्वय इकाइ सर्लाही तथा लालबन्दी नगरपालिकाबाट अनुमति पाएका विद्यालय तथा अनुमति प्राप्त कक्षाहरुमा मात्र विद्यार्थी भर्ना गर्न पाउने व्यवस्था छ। यदि कुनै विद्यालयले विद्यालय सञ्चालन गर्ने अनुमति नलिई विद्यालय सञ्चालन गरेको पाइएमा वा अनुमति नपाएका कक्षाहरुमा विद्यार्थी भर्ना गरेको पाइएमा नियमानुसार कारबाही हुने व्यहोरा जानकारी गराइन्छ।

अनुमति नलिई सञ्चालन गरेका विद्यालय र अनुमति प्राप्त नगरेका कक्षामा आफ्ना छोराछोरी भर्ना नगर्न सम्पूर्ण अभिभावकहरुमा हार्दिक अपिल गरिन्छ ।

### ३. एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली (IEMIS) मा विद्यालय व्यवस्थित भएको हुनुपर्ने

नगरपालिका भित्र सञ्चालनमा रहेका सबै विद्यालयहरुको आ-आफ्नै विद्यालय कोड नं. र सबै कक्षाका सबै विद्यार्थीहरुको आ-आफ्नै विद्यार्थी संकेत नं. (Student ID) कायम भएको हुने हुँदा सबै विद्यालयहरु एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को पहुँच प्राप्त गर्नुहुन अनुरोध छ । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को पहुँच प्राप्त नगरेका आफ्नो विद्यालयका सम्पूर्ण विवरण नभरेका विद्यालयहरु सञ्चालन गर्न नहुने व्यहोरा जानकारी गराइन्छ।

### ४. स्वीकृत पाठ्यपुस्तक र पाठ्यसामग्रीको प्रयोग गर्नुपर्ने

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक तथा थप पाठ्यसामग्री मात्र पठनपाठन गर्नु पर्नेछ । अटेर गरी यस्ता पाठ्यपुस्तक तथा पाठ्यसामग्री पठनपाठन गरे/गराएको पाइएमा सो को जवाफदेही प्रअ / प्राचार्य स्वयम् हुनुपर्नेछ।

### ५. कसुर तथा जरिवना

नियम कानुन वमोजिम विद्यालयमा भर्नाहुन आएका विद्यार्थीहरुलाइ भर्ना नगरी फर्काइएमा अनिर्वाय तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को परिच्छेद -६ दफा ३२ वमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८१।०१।१४

लक्ष्मी शिवाकोटी

शिक्षा, युवा तथा खेलकुद शाखा